निजगढ नगरपालिकाका उपप्रमुख श्री लिलादेवी लामिछाने, खनालले पेश गर्नु भएको आ.व. २०७६।०७७ को नीति कार्यक्रम र बजेट वक्तव्य

सभाध्यक्ष महोदय,
नगरसभाका सदस्य ज्यूहरु

निजगढ नगरपालिका नगर उप-प्रमुखको हैसियतले नगर सभाको बैठकमा आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गरि रहँदा गौरबको महशुस गरिरहेको छु । यस महत्वपुर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने कममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण महान शहिदहरु तथा राष्ट्र प्रति समर्पित दिवंगत आदरणीय नेताहरुमा भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता,स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण नगर निर्माण र समृद्धिको मार्गमा रहेका महान नगरबासी र राजनितीक नेतृत्व प्रति सम्मान प्रकट गर्न चाहान्छु ।

दोस्रो नगर सभाबाट पास गरेका कार्यक्रमहरु सम्पन्न भई सकेका छन भने कतिपय नगरका दीर्घकालीन हीतमा रहेको योजना कार्यान्वयनको चरणमा रहनुका साथै ती योजनाहरु यस वर्ष निरन्तरता रहने जानकारी गराउँदछु । बजेट तर्जुमा गर्ने सम्बन्धका कममा टोल र बस्ती स्तर हुँदै वडाबाट आयोजनाहरु संकलन नगरिएको र वडाको बैठकबाट प्राथमिकीकरण गरी आयोजनालाई वडा स्तरीय र नगर स्तरीयमा बर्गीकरण गरी विषयगत समितिको बैठकमा समेत व्यापक छलफल पश्चात बजेट तर्जुमा समिति मार्फत आवश्यक संशोधन सहित कार्यापालिकाबाट अगाडी बढाईएको हो । यो पकृयाबाट बजेट तर्जुमा गरी रहदा साच्ची नै योजना तथा कार्यक्रम नगरबासीका आवश्यकता अनुसार छनोट भई प्राथमिकता निर्धारण भएको र नगरबासीले परिवर्तनको साथै प्रजातान्त्रिक प्रकृयाको अनुभुति गरेका छन भन्ने विश्वास लागेको छ ।

सभाध्यक्ष महोदय,

एउटा सभ्य व्यवस्थित शहर निर्माण गर्नका लागि दीर्घकालीन सोच आवश्यक हुन्छ । निजगढ नगरको दीर्घकालीन सोच शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, खानेपानि, सिचाई, बहुसास्कृतिक आवसीय मौलिकतामा आधारित सव्य, समृद्ध सहितको स्मार्ट शहर कायम गर्नु पर्ने महशुस गर्दै यो नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नगरपालिकाको दीर्घकालीन सोचलाई आत्मसाथ गरिएको छ । हाल शिक्षा र स्वास्थ्यको जिम्मेवारी समेत स्थानीय तहमा नै आएकोले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवालाई बिशेष जोड दिने खालका नीति तथा कार्यक्रमा समावेश गर्ने प्रयास गरिएको छ भने पर्यटन बिकासका लागि पनि जोड दिने प्रयत्न भएको छ ।

विकासका कुरा गर्दा जनतामा सडक, ढल र नाला जस्ता भौतिक पूर्वाधारको विकास हुनु नै विकास हो भने जस्तो आभास भएको पाइन्छ । आयोजना छनोट गर्ने कममा वडा स्तरबाट प्राप्त आयोजना विवरणले यो कुरा पुष्टि हुन्छ । तर एउटा मौलिकतामा आधारित सव्य, समृद्ध स्मार्ट शहर हुनका लागि सामाजिक तथा वातावरणीय विकासले मात्र ठुलो महत्व राख्दछ भन्ने निजगढ नगरपालिकाको ठहर रहेको छ । सामाजिक विकासको क्षेत्रमा वालमैत्री,महिला मैत्री,अपाङ्गता व्यक्ति

मैत्री नगरका साथै लक्षित वर्गको समानुपातिक विकास र पहुँचको अवसर जस्ता कुरालाई आत्मसाथ गर्दै यो वार्षिक कार्यक्रमले लक्षित वर्गका कार्यक्रमलाई पनि विशेष महत्व दिएको छ ।

समृद्धिको सूचक बहुआयामिक, बहुक्षेत्रीय, बहुप्रभावि रहने हुनाले क्षेत्रगत विकासका हरेक तह र तप्कामा जनताको अपनत्व र सारपुर्ण सहभागिताको आधारमा यस नगरपालिकाले वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता र दक्षता प्रमाणित गर्ने अवसर प्राप्त गरेको छ । यसै अवसरलाई आदरणीय निर्वाचित जनप्रतिनिधि ज्यूहरुको नेतृत्वमा परिणाममुखी र लक्ष्यमुखी बनाउने अभियानमा लाग्नु पर्ने छ । विकासका लागि जनसहभागिता, सरसफाई, शिक्षा, स्वास्थ्य, खानेपानि, एकिकृत सम्पति कर,आन्तरिक राजश्व, कृषि, पुर्वाधार, जस्ता विषयमा उच्च सोचको साथमा अगाडी बढे मात्र विकासलाई आधुनिकरण र स्तरीकरण गरी नगरपालिका मध्ये अब्बल नगर बनाउने कार्यमा लाग्दा मात्र हाम्रो प्रयासको सार्थकता जनतामाझ प्रमाणित हुन सक्छ । यसको लागि प्रविधि मैत्री सोच र पुरातन सोचबाट चलेको प्रशासनिक गतिविधिलाई चुस्त, दुरुस्त र जनताको माग चाहना अनुरुप छिटो छरितो सेवा प्रवाह गर्ने वातावरण निर्माण गर्नु पर्ने छ । जस्को लागि परिवर्तन आफूबाट शुरु गर्दै अरुलाई परिवर्तित बाटोमा हिडाँउन अभिप्रेरित गर्नु पर्छ भन्ने निजगढ नगरपालिकाको ठहर रहेको छ । सदाचारिता र जनमैत्री नगर प्रशासनको अनुभुति दिने गरी कर्मचारी प्रशासनलाई प्रोत्साहनमुलक कार्य सूचक र सुविधामा आवद्ध गर्दै सदाचारिता र सुशासन कायम गर्न जोड दिदै कार्यान्वयनमा विशेष ध्यान दिनु पर्ने छ भन्ने लागेको छ ।

दीगो र दरिलो विकास हुन सोचेर मात्र पुग्दैन गरेर देखाउने आँट र साहस चाहिन्छ । साथै सिमित श्रोत साधनबाट अधिकतम आवश्यकता पुरा गर्न नतिजामुलक कार्यान्वयन तर्फ सबैलाई आ-आफ्नो ठाँउबाट लागि पर्न अनुरोध गर्दछु । यो वार्षिक योजना निर्माण गर्ने कार्यमा अहोरात्र खटी समयमा नै बजेट तयार गर्न नवीन सोचका साथ भुमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री विशकसेन ढकाल ज्यू, सहयोगि र स्वीकृत प्रदान गर्नु हुने कार्यपालिका एवम नगर सभाका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका सदस्य ज्यू, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, सरोकारवाला संघीय तथा प्रदेश सरकार तथा आम नगरबासी, अहोरात्र खटी सहयोग गर्ने कर्मचारी मित्र सबै प्रति आभार व्यक्त गर्दै विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय मार्फत नगर सभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रममा खर्च हुने आय व्यय, राजश्व करका दरहरुको विवरण यँहाहरु समक्ष निर्णायार्थ पेश गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०७६।०७७ का लागि कुल बजेट रु. ७२ करोड ९७ लाख ४० हजार आय व्यय अनुमान गरेको छु । यसमा संघीय सरकारबाट रु. ५६ करोड १४ लाख, प्रदेश सरकारबाट रु. ४ करोड ३३ लाख ४० हजार, मालपोत रजिष्ट्रेशनबाट रु. १ करोड ५० लाख र आन्तरिक आयबाट रु. ११ करोड अनुमान गरिएको छ । जसमा संघीय र प्रदेश सकारबाट हस्तान्तरित तर्फ रु. ३३ करोड ११ लाख, राष्ट्रपति चुरे तर्फको रु. २ करोड र राजश्व बाँडफाँड, वित्तिय समानिकरण र आन्तरिक आय तर्फ रु. ३७ करोड ८६ लाख ४० हजार अनुमान गरेको छु ।

राजश्व बाँडफाँड, अनुदान र आन्तरिक आय तर्फको रु. ३७ करोड ८६ लाख ४० हजारको क्षेत्रगत र प्रतिशत विवरण तपशिल अनुसार रहेको छ ।

पूर्वाधार विकास तर्फ:	रु. १५ करोड ८८ लाख	(४१.९३%)
आर्थिक विकासत तर्फ	रु. ३ करोड १६ लाख	(८.३४%)
सामाजिक विकास तर्फ	रु. ४ करोड १७ लाख	(११.०१%)
विपद वातावरण तर्फ	रु. १ करोड	(२.६७%)
संस्थागत विकास तर्फ	रु. २ करोड १५ लाख	(५.६८%)
चालु खर्च तर्फ	रु. ११ करोड ५० लाख ४० हजार	(३०.३७%)

संघीय सरकार र प्रदेश सकारबाट हस्तान्तरित कार्यक्रमहरु बाँडफाँड तथा वर्गिकरण गरिएको छैन ।

बजेटसँग सम्बन्धित आय व्ययको अनुसूचि र आर्थिक ऐन बमोजिम तोकिएका राजश्व करका अनुसूचिहरु यसै साथ संलग्न गरेको छु ।

खण्ड १

परिचय

१.१ निजगढ नगरपालिकाको संक्षिप्त परिचय

- स्थापना मितिः २०७१ बैशाख २५
- क्षेत्रफलः २८९.४ वर्ग कि.मी.
- वडा संख्याः १३
- जनसंख्याः ३५३३५ (२०६८ को जनगणना अनुसार)
- पुरुषः १७०२६ जना
- महिलाः १८३०९
- साक्षरता प्रतिशतः पूर्ण घोषणा
- राष्ट्रिय चर्चित आयोजनाहरुः फास्टट्रयाक, अन्तर्राष्ट्रिय विमानस्थल र स्मार्ट सिटीको गुरु योजना ।
- पर्यटक स्थलः गणेशमान सिंह मोहरी पार्क, शहीद हिरालाल पार्क र भ्युटावर, शिवशक्तेश्वर मन्दीर (गुफा), सुखेपोखरी ।
- धार्मिक स्थलहरुः रामजानकी मन्दीर, कृष्ण मन्दीर, पर्वतेश्वर महादेव मन्दीर, शिवशक्तेश्वर महादेव मन्दीर, सप्तऋषि धर्मशाला, टाँसी धार्गेलिङ्ग गुम्बा, टाँसी छोइफेलिङ्ग गुम्बा, पल्युल साम्तेलिङ्ग गुम्बा,
- मुख्य धर्मलम्वीः हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन ।
- शिक्षण संस्थाः
  क्याम्पस १
  सामुदायिक विद्यालयः मा.वि. ७, आधारभुत विद्यालय १९, मदर्शा १
  संस्थागत विद्यालयः १२
- स्वास्थ्य संस्थाहरुः प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ३, शहरी स्वास्थ्य क्लिनिक ३
  संस्थागत अस्पतालः १
- इलाका प्रहरी कार्यालय, सशस्त्र वेश क्याम्प, जिल्ला ट्राफिक कार्यालय, अस्थायी प्रहरी चौकी सिंगौल, अस्थायी प्रहरी चौकी रतनपुरी र अस्थायी सशस्त्र प्रहरी बेश क्याम्प, वडा नं. १० लाल
- एम्बुलेन्स सेवाः २
- सामुदायिक वन संख्याः २७
- खेल मैदानः १३
- सञ्चार प्रणाली
  - ➢ एफ.एम रेडियो संख्याः २

- ➢ टेलिभिजन नेटवर्कः १
- ➢ इलाका हुलाकः १
- ➢ पत्रपत्रिका साप्ताहिकः १
- ➢ टेलिफोन वितरक संख्याः १

- सिनेमा हलः १
- मुख्य कृषि जन्य उत्पादनहरु धान, मकै, गहु, उखु, केरा, सुर्ती, दलहन, तेलहन र दुग्ध उत्पादन ।
- मुख्य चाड पर्वहरुः दशैं, तिहार, ल्होसार, माघी, ईद, छठ आदी ।
- सहकारी संस्थाहरुको सख्याः ४३

१.२ विद्यमान अवस्थाको समिक्षा

१.२.१ सबल पक्ष

कृषि योग्य जमीन, दुग्ध उत्पादन, यातायात क्षेत्रको विकास, सामुदायिक वन, सहकारी संस्था र बैंक तथा वित्तिय संस्थाहरुको प्रर्याप्तता सबल पक्षको रुपमा लिन सकिन्छ ।

१.२.२ कमजोर पक्ष

निजगढ नगरपालिका पहाड र तराईको संगम स्थल हो । पहाडबाट बग्ने, लाल, बुङ्गजोर, गडवन, भक्तलाल, पसाह, शक्ती, बगर, धन्सार, बकैया र भमराखोलाले बर्षेनी जग्गा जमिन कटान गरी आर्थिक र मानवीय क्षती व्यर्होनु पर्ने अवस्था देखिन्छ ।

१.२.३ अवसरहरु

निजगढ नगरपालिकालाई स्मार्ट सिटीका रुपमा विकास गर्न नेपाल सरकारबाट स्वीकृत गरी गुरु योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगि सकेको, कृषि उपज तरकारी, फलफूल र दुग्ध उत्पादनका लागि पर्याप्त सम्भावना रहेको, यातायातका दृष्टीले महेन्द्र राजमार्ग र निर्माणाधीन फास्टट्र्याकको निर्माण, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुनु विकासको गतिमा अगाडि बढ्ने सम्भावना बोकेको । हुलाकी राजमार्गको सहायक मार्ग तामागढी सिम्रौनगढ सडक, तामागढी रतनपुर अमलेखगंज सडक, निजगढ सिंगौल, फापरवारी सडकलाई पनि अवसरको रुपमा लिन सकिन्छ भने रेल मार्ग पनि निजगढ हुँदै जाने सम्भावना देखिन्छ ।

१.२.४ चुनौतीहरु

प्राविधिक र प्रशासनीक जनशक्तीको कमी, राजश्वका श्रोतहरुलाई समुचित दायरामा ल्याउन नसकिएको, सरकारी सार्वजनिक र वन क्षेत्रहरुमा अव्यवस्थित बसोवाँस, भोगचलन र नापी नक्शामा भिन्नता हुनु, विकास निर्माण प्रक्रियामा जनसहभागिताको कमी, पर्यटन/पूर्वाधार विकासका क्षेत्रको अप्रर्याप्तता, अव्यवस्थित वस्ती विकास र शहरीकरण, खानेपानीको श्रोतसाधनको कमी, दिर्घकालीन योजनाहरुको छनौट तर्जुमा नहुनु, सरकारी, गैर सरकारी तथा निजी लगानीलाई प्रोत्साहित गर्न नसकिएको, वातावरण र विपद् व्यवस्थापनको नीति निर्माण संरक्षण गर्न नसकिएको ।

१.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

नगर स्तरीय अन्तरक्रिया कार्यक्रम नगरपालिकाका सवै वडाहरुबाट वडा भेला गरी वडा समितिको निर्णय अनुसारका योजनाहरु र नगरपालिकाको तर्फबाट विषयगत शाखा एवं समितिहरु, नगरपालिकाका विभिन्न समिति तथा पदाधिकारीहरु समेतको छलफलबाट नगर योजनाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्ने गरिएको ।

खण्ड ३

आ.व.२०७६।०७७ को नीति कार्यक्रम र बजेट

३.१ सोच

निजगढ नगरपालिकालाई मौलिकतामा आधारित सभ्य, समृद्धी सहितको स्मार्ट सिटीका रुपमा विकास गर्ने ।

३.२ लक्ष्य

दिगो पूर्वाधार विकास, रोजगारी सृजना गरिवी न्यूनीकरण गर्दै समुन्नत समाजको सृजना गर्ने ।

३.३ उद्देश्य

स्थानीय तहलाई सक्षम बनाई नगरको विकास निर्माण प्रक्रियामा पारदर्शीता, सेवामा सुधार तथा दिगो आर्थिक विकासका साथै नगरपालिकालाई शिक्षित, स्वच्छ र समृद्ध नगर बनाउने ।

३.४ प्राथमिकता क्षेत्रहरुः

- भौतिक पूर्वाधार विकास
- शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार
- कृषि र पशु क्षेत्रको विकास
- खानेपानी, सरसफाई व्यवस्थापन
- यूवा स्वरोजगार सिप विकास
- सेवा प्रवाह र सूचना प्रविधि
- पर्यटकीय पूर्वाधार विकास
- लक्षित वर्गको क्षमता विकास
- खेलकुदको विकास र कला संस्कृतीको जर्गेना
- भूमि व्यवस्थापन

३.५ प्रमुख नीतिहरुः

३.५.१ पूर्वाधार विकास

१) नगरपालिकाको समग्र क्षेत्रको दिगो र सुव्यवस्थित विकासको लागि अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण गरिने छ ।

२) वस्ती विकास, शहरी पूर्वाधार तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ को प्रभावकारी कार्यन्वयन गरिनेछ ।

३) एकिकृत वस्ती विकासको योजना प्रदेश र संघीय सरकारसँग समन्वय गरी कार्य अगाडी बढाइने छ ।

४) नगर यातायातको दिगो व्यवस्थापनको लागी नगर यातायात गुरुयोजना (MTMP) निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५) सडकलाई नगरको प्रमुख प्रथमिकता प्राप्त क्षेत्रको रुपमा आत्मसात गर्दै वार्षिक ७ कि.मि. पक्की सडक बनाउने निति लिइनेछ ।

६) सम्पन्न योजनाको मर्मत संभारका लागि संम्बन्धित टोल विकास संस्था/उपभोक्ता समितिलाई जिम्मेवार वनाईनेछ ।

७) दिगो विकास र लक्ष्य प्राप्तिका लागि आन्तरिक पर्यटनको सम्भाव्यता अध्ययन गर्न विज्ञहरुसँग परामर्श गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्नको लागि कार्य अगाडी बढाइने छ ।

८) प्राकृतिक सम्पदा हाम्रो आधार मानेर नगर भित्र भएका प्राकृतिक सम्पदालाई संरक्षण गरी त्यसबाट पर्यटन सम्बन्धी कार्यक्रम संचालनमा ल्याई रोजगारी सृजना गर्नको लागि आवश्यक प्रक्रिय अगाडी बढाईनेछ ।

९) पर्यटन तथा संस्कृति सम्भव्यता अध्ययन गर्न विज्ञहरुको समिति गठन प्रकृया अगाडी बढाइनेछ ।

१०) पर्यटन प्रवर्द्धनमा वित्तिय संस्था तथा निजी लगानीलाई प्रोत्साहन गरिनेछ ।

११) महेन्द्रराजमार्ग र राजमार्ग जोड्ने सहायक मार्गमा घर निर्माण गर्ने घर धनीले नक्शा पास गर्दा निजी पार्किङ क्षेत्र तोकिएको नक्शा पेश गरे पछि मात्र स्वीकृत गर्ने व्यवस्था मिलाइने छ ।

१२) शहीद हिरालाल मार्गलाई तत्कालै व्यवस्थित सडक निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

१३) नगर भित्रका शाखा सडकहरुलाई सुरक्षित राख्न भित्री सडकहरुमा हेवी लोड गाडीहरु संचालनमा रोक लगाउने नीति अवलम्वन गरिनेछ ।

१४) राष्ट्रिय गैरवका आयोजनाहरु छिटो सम्पन्न गर्न आवश्यक सहयोग, समन्वय तथा सकरात्मक भूमिका निर्वाह गरिने छ ।

१५) निजगढ नगरको मौलिकता र स्थानीय विशिष्टताको आधारमा सरोकारवाला र विषय विज्ञको सुझाव मुताविक स्मार्ट सिटी निर्माण गरिने छ ।

१६) सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।

१७) प्रस्तावित औद्योगिक ग्रामको स्थापनाको लागि विशेष पहल गरिनेछ ।

१८) प्रस्तावित औद्योगिक ग्राममा उद्योग स्थापना र संचालनका लागि उद्योग मैत्री र लगानी मैत्री नगर स्तरीय औद्योगिक नीति निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

१९) स्थानीय स्तरको कच्चा पदार्थ प्रयोग गर्ने, बातारवरण मैत्री, अधिकतम् रोजगारी सृजना गर्ने, उद्योग र उद्योगीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

२०) उद्योग संचालनमा ल्याउँदा वातावरणलाई पार्ने असरलाई मध्यनजर गर्दै त्यस्ता किसिमको उद्योगलाई उचित व्यवस्थापन गरेर मात्रै संचालनमा ल्याईनेछ ।

२१) निर्माण भएका र हुने नदि नियन्त्रणलाई स्थायित्व दिन बाँस, काँस, विरुवा र अमलिसो रोपन गरी व्यवस्थित गरिने छ ।

२२) निजगढ न.पा. ८ स्थित गौरीशंकर मा.वि.को ०-८-० कट्टा जग्गामा व्यवसायिक भवन र पार्किङ्गको व्यवस्था हुने गरी निर्माण कार्यको लागि पहल गर्ने ।

२३) नदी किनाराहरुमा संरक्षण पोखरी निर्माण गरी चिस्यान क्षेत्रको विस्तार गरिने छ ।

२४) आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकार, सहकारी र नीजि क्षेत्र सँग समन्वय गरेर काम गरिनेछ ।

२५) नगरपालिकाले संघ, छिमेकी प्रदेश, छिमेकी जिल्ला र छिमेकी पालिकासँग सहकार्य गरी अगाडी बढ्ने छ ।

२६) नगरपालिकामा बसोबास गर्ने आमनागरिकलाई रणनैतिक रुपले सडक आवागमनसंग जोड्नका लागि चक्रपथ लगायत सडक सञ्जाल निर्माणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

२७) बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीति लिइनेछ ।

२८) हरित र वाताबरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

२९) नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारबाट तोकिए बमोजिमको समिति निर्माण गरी तत्काल काम अघि वढाइनेछ ।

३०) नेपालको संविधानले समावेशी र समन्वयीक विकास गर्ने नीति अबलम्बन गरे बमोजिम नगरपालिकाका सबै वडाहरुको विकासलाई समान प्राथमिकतामा राखिने छ । नगर क्षेत्रमा बनेका सडकहरु मध्ये उत्कृष्ट सडक र उपयूक्त स्थान पहिचान गरी सो स्थानमा पार्क उद्यान लागायतका पर्यटकीय आकर्षणका बस्तुहरु निमार्ण गरी आन्तरीक र बाह्य पर्यटन विकास गर्ने नीति लिइनेछ ।

३१) MTMP ले निर्दिष्ट गरे अनुसार सम्पन्न भएको नगर चक्रपथको सर्भेलाई तदनुरुप कार्य प्रारम्भ निरन्तरता दिइने छ ।

३२) नगरपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानमा बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

३३) संचालनमा रहेका सिंचाईका संरचनाहरुलाई विशेष प्राथमिकका साथ निर्माण तथा मर्मत गरिने छ ।

३४) स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गरिनेछ ।

३५) सम्पूर्ण नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन तथा खानेपानीको सर्वाङ्गीणी विकास गराउनका लागि स्थानीय खानेपानीसँग आवद्ध संघ संस्थासँग समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

३६) खानेपानी, विद्युत र दुरसञ्चारलाई व्यवस्थित गर्दा सडक निर्माण गर्न दुबै किनारामा पाइपलाईन विस्तार र विद्युतीय पोल विस्तार तथा अन्डरग्राउण्ड विद्युतीय प्रशारण लाईन एवं सबै वडाहरुमा सूचना प्रविधिको विकास गर्न अप्टीकल फाइबर पुऱ्याउने नीति लिनेछ ।

३७) आवश्यकता अनुसार ढल तथा नाला निर्माण गरिनेछ ।

३८) वस्ती विकास कार्यक्रमलाई वडा स्तरमा विस्तार गरिनेछ ।

३.५.२ सामाजिक विकासः

१) मानव संसोधन विकासको मुख्य आधार नै शैक्षिक गुणस्तर नै भएको हुँदा नगर शिक्षा समितिलाई पूर्णता दिई शिक्षकको दरवन्दी मिलान र आधारभूत तह देखि उच्च शिक्षासम्म यथोचित विकास गरी शैक्षिक हवको रुपमा विकास गरिने छ। उक्त नीति कार्यान्वयन गर्न आवश्यक योजना बनाई कार्यान्वयनमा ल्याइने छ।

२) प्राविधिक शिक्षालाई जोड दिँदै दक्ष जनशक्ति उत्पादन गर्न निजगढ नगरपालिकामा एक वहु प्राविधिक शिक्षालय (Poly Techic Institute) खोल्न आवश्यक संभाव्यता अध्ययन गरिनेछ।

३) विद्यालय स्तरमा कम्प्यूटर शिक्षालाई प्रोत्साहन गर्न विद्यालयको स्तर अनुसार आवश्यक व्यवस्था मिलाइने छ।

४) समुदायमा आधरित सहुलियत मुल्यको औषधी पसल संचालन गरिनेछ।

५) निजगढ स्तरीय सार्वजनिक पुस्तकालय स्थापना गर्न जोड दिइनेछ।

६) बाल विकास शिक्षिकालाई प्रोत्साहन गरिनेछ।

७) निजगढ नगरलाई शान्त र सुरक्षित राख्नको लागि **"समुदाय प्रहरी साझेदारी कार्यक्रम"** लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ।

८) प्रत्येक माध्यमिक विद्यालयहरुमा माध्यमिक तहका छात्र छात्राहरुलाई ट्राफिक नियम, साइवर अपराध र कानून सम्बन्धी जानकारी दिने कक्षाहरु सम्बन्धित निकायहरुको समन्वयमा संचालन गरिने छ ।

९) नगर भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गरी एकरुपता कायम गर्ने नीतिलाई प्रभावरुपमा निरन्तरता दिईनेछ।

१०) नगर भित्र रहेका आधारभूत विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाउनको लागि प्रारम्भिक शिक्षा दिने क्रममा सुविधा सम्पन्न भौतिक पूर्वाधार कक्षा कोठा, बच्चाहरुलाई मनोरञ्जन प्रदान गर्ने सामाग्री बालमैत्री शिक्षकहरुको उचित व्यवस्थापन गरी गुणस्तर शिक्षा प्रदान गर्ने नीति लिइने छ।

११) विपन्न वर्ग, अपाङ्ग, पिछडा वर्गलाई पूर्ण छात्रवृति प्रदान गरिनेछ।

१२) हालसम्म शैक्षिक क्षेत्रमा उच्च योगदान पुऱ्याएर दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थाहरुलाई प्रोत्साहन गर्ने र शैक्षिक गुणस्तर न्यून भएका शिक्षण संस्थाहरुको स्तर उन्नती गर्न भौतिक, आर्थिक, दक्ष जनशक्ति, परार्मश लगायतका सबै सहयोग गरेर नगर भित्रका सबै शिक्षण संस्थाहरुलाई उच्च गुणस्तरको सेवा प्रदान गर्न सक्ने व्यवस्था मिलाईने छ ।

१३) सामुदायिक विद्यालयहरुमा स्वास्थ्य परिचारिकाद्धारा स्वास्थ्य सम्बन्धी शिक्षा कार्यक्रम शुरु गरिने छ।

१४) नगर भित्रका जनप्रतिनिधी, शिक्षक, व्यवस्थापन समिति र कर्मचारीहरुका बालबालिकालाई अनिवार्यरुपमा सामुदायिक विद्यालयमा अध्ययन गराउने कार्य यसै वर्ष भित्र कार्यन्वयन गराइनेछ।

१५) महिला फुटवल तथा भलिबल खेल संचालन गरिने छ।

१६) लक्षित वर्ग, लिङ्ग तथा समुदायका सर्वांगिण विकासका लागि तथ्याङ्क संकलन गरी सम्बन्धित पक्षको चाहना अनुरुपको योजना तर्जुमा गरी लागु गरिने छ ।

१७) मेयरकप फुटवल प्रतियोगितालई निरन्तरता दिइनेछ ।

१८) तिनवटै सुरक्षा निकायको समन्वयमा नगरस्तरीय सुरक्षा व्यवस्था गरिने छ ।

१९) प्रस्तावित तिल गंगा आँखा अस्पतालको शाखा निर्माण कार्यलाई सहयोग पुऱ्याई छिटो निर्माण गर्न पहल गरिने छ ।

२०) किड्नी डाइलोसिस् केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

२१) ग्रासरुट फुटवल प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

२२) खेल प्रशिक्षकको व्यवस्था गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाईने छ ।

२३) प्रत्येक वडामा एउटा खेल मैदान, एउटा सामुदायिक भवन, बाल पार्क, जेष्ठ नागरिक मिलन केन्द्र तथा स्थानीय उत्पादन विक्री केन्द्र स्थापना कार्यलाई निरन्तरता दिइने छ ।

२४) प्रत्येक वडामा प्राथमिक उपचार सम्बन्धि तालिम दिई आवश्यकता अनुसार औषधी र किट बक्स वितरण गरिने छ ।

२५) कृषि, भेटनरी, वन विज्ञान, वातावरण विज्ञान, डेरी टेक्नोलोजि, फुट टेक्नोलोजि लगायतको विषयमा अध्ययन गरी निश्चित समय नगरको सेवामा विताउने गरी छात्रवृत्तिको व्यवस्था गरिने छ ।

२६) पुराना खेल मैदानहरुलाई पहिचान अनुसारकै नाममा ल्याईने छ ।

२७) शहीद हिरालाल गोल्डकप प्रतियोगितालाई निरन्तरता दिईने छ ।

२८) विभिन्न समूह तथा संघ संस्थाहरु मार्फत घरेलु हिंसा, यौन हिंसा, साइवर अपराध लगायतका दैनिक व्यवहारिक कानूनको जानकारी मुलक कार्यक्रमहरु संचालन गरिने छ ।

२९) भविष्यका कर्णधारका रुपमा रहेका बालबालिकाको सर्वोत्तम विकासको लागि बालमैत्री स्थानीय शासन (CFLG) को प्रारुप अनुरुप बालमैत्री नगर बनाउने कार्यलाई प्राथमिकताका साथमा अगाडी बढाईने छ ।

३०) थारु, तामाङ, राई, मगर, चेपाङ्ग, कछाडिया, माझी, दनुवार लगायतका आदिवासी तथा जनजातिका भाषा, खाना, कला गहना, संस्कृतिको जगेर्ना गर्ने नीति अवलम्वन गरिने छ ।

३१) प्रत्येक नगरवासीलाई रोगी भएर उपचार गर्नु भन्दा रोगनै नलाग्ने उपायको नियमित सचेतना कार्यक्रम संचालन गरिने छ ।

३२) अपाङ्ग आय आर्जन तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

३३) उत्कृष्ठ करदातालाई वार्षिक सम्मान कार्यक्रम गर्ने नीति अवलम्वन गरिनेछ ।

३४) निजगढ स्थित सामाजिक क्षेत्र, शैक्षिक क्षेत्र र खेलकुद क्षेत्रका उत्कृष्ठ व्यक्तिहरुलाई सम्मान गरी प्रोत्साहन गरिनेछ ।

३५) सामुदायिक विद्यालयहरुको पाठ्यक्रममा भएको एकरुपता लाई कडाईका साथ नियमन गरिनेछ ।

३६) प्राथमिक स्वास्थ्य केन्द्रलाई २४ सै घण्टा सेवा संचालन गर्न निजगढ अस्पतालको रुपमा व्यवस्था गरिनेछ । साथै संघ र प्रदेशको कानूनसँग नबाझिने गरी सामुदायिक अस्पताल,

प्रस्तुति गृह र सरकारी स्वास्थ्य सेवालाई एकिकृत रुपमा संचालन गर्न आवश्यक नीति निर्माण गरी व्यवस्था गरिनेछ ।

३७) "**आधारभूत स्वास्थ्य सेवा नागरीकको मौलिक अधिकार**" नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य केन्द्रको भौतिक सुधार गरी स्वास्थ्य सुविधालाई सहज र पहुँज योग्य बनाइनेछ ।

३८) आमा स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम खोप लगायतका कार्यक्रमको प्रभाकारी कार्यान्वयनको व्यवस्था कार्यलाई निरन्तरता दिईने छ ।

३९) ८० वर्ष पुगेका जेष्ठ नागरीकहरु र पूर्ण असक्तहरुको स्वास्थ्य जाँचको लागि घर दैलो क्लिनिक निशुल्क रुपमा संचालन गरिनेछ ।

४०) पूर्ण खोपको सुनिश्चितताका लागि भरपर्दो व्यवस्थापन अपनाईनेछ ।

४१) महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकासको लागि आवश्यक तालिम संचालन गरिनेछ ।

४२) तत्काल सबै नगरवासीको Health Profile तयार गर्ने र सेवा पुऱ्याउने गरी काम अगाडी बढाईने छ ।

४३) अपांगता भएकाहरुको तथ्याङ्क अध्यावधिक गरी विभिन्न प्रकारका स्वरोजगारमूलक तालिम कार्यक्रम प्रदान गरिनेछ ।

४४) लक्षित समुह कार्यक्रम अन्तर्गत महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हक हित तथा सीप विकास कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्री सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

४५) जेष्ठ नागरीक मनोरंजनको लागि कुनै एक वडाबाट जेष्ठ नागरिक मिलन केन्द्रको शुरुवात गरिनेछ ।

४६) भूमीहीन सुकुम्बासीहरुको लगत संकलन गरी व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिनेछ ।

४७) सरकारी, पर्ति, सार्वजनिक जग्गाको खोजि गरी संरक्षणको कार्यहरु प्रभावकारी ढंगले अगाडी बढाइनेछ । यस्ता जग्गाको अभिलेखन व्यवस्थित गरी राखिनेछ ।

४८) संघीय तथा प्रदेश सरकारको स्वास्थ्य विमा कार्यक्रम सँग समवन्य गरी स्वास्थ्य विमा कार्यक्रमलाई कार्यन्वयनमा ल्याइने छ ।

४९) प्रजनन् महिला स्वास्थ्य कार्यक्रमलाई उपप्रमुख स्वास्थ्य कार्यक्रमका रुपमा विकास निरन्तरता दिइनेछ ।

५०) नगर क्षेत्र भित्र बढदै गएको लागु पदार्थ दुरव्यसनीलाई निरुत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

५१) समाजमा रहेका विद्यमान विभिन्न कुरिती, विकृती विसंगती तथा जातिय विभेद छुवाछुत विरुद्ध जनचेतनामुलक कार्यक्रम एकिकृत रुपमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

५२) प्रत्येक नगरवासीलाई स्वास्थ्य जीवनशैली सम्बन्धी जनचेतनामूलक कार्यक्रम लागु गरिनेछ ।

५३) प्राकृतिक चिकित्सा र आर्युवेदलाई प्राथमिकता दिई योग प्रशिक्षण कार्यक्रम संचालन गरिने छ

५४) मौलिक संस्कृतिको जर्गेनाका निमित्त लोपोन्मुख, अल्पसंख्यक, आदिवासी र जनजातीको संरक्षण र विकास गरी पर्यटन विकासका लागि होमस्टेको व्यवस्था गरिनेछ ।

३.५.३ आर्थिक विकास :

१) नगर क्षेत्र भित्र रहेका धार्मिक पर्यटकीय धरोहरहरुको एकिकृत विकास गर्न पर्यटन गुरुयोजना निर्माण गर्न शुरु गरिनेछ । नयाँ नयाँ पर्यटकीय गन्तव्यको खोजि र विकास गर्दै लगिनेछ ।

२) **"कृषि नगरको समृद्धि"** भन्ने नाराका साथ प्रत्येक वडाको अलग अलग कृषि पहिचान झल्किने गरी पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गर्दै लगिनेछ ।

३) कृषि पेशामा लागेका र लाग्न चाहने कृषकलाई माटो परीक्षण सहितको उचित कृषि तालिमको व्यवस्था सगै थोपा सिंचाई प्रविधिलाई यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याइने छ ।

४) विपन्न वर्गलाई सामुहिक पशुपालन अभियान अन्तर्गत पशुपालन गराई आर्थिक अवस्था वृद्धि गर्न विशेष पहल गरिनेछ ।

५) व्यवसायिकरुपमा कृषि तथा पशुपालन चाहने कृषकहरुलाई प्रक्रियगत रुपमा फार्म संचालन गर्ने प्रस्ताव ल्याउने किसानहरुलाई सुलभ दरको ब्याज लाग्ने कर्जा उपलब्ध गराउनको लागि विशेष पहल गरिनेछ ।

६) कृषकद्धारा उत्पादित कृषि उपजको न्यनूतम समर्थन मुल्य निर्धारणका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

७) सुख्खा क्षेत्रका कृषकलाई लक्षित गरी माटो परीक्षण गराई वर्षायतको पानी जम्मा गर्ने व्यवस्था गरी कम पानी भए पुग्ने फलफूल, तरकारी, फूल आदि खेतिका लागि वातावरण बनाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८) गाई, भैसीको व्यवसायिकरुपमा पालना गर्ने कृषकलाई प्रोत्साहन गरिने छ ।

९) शैक्षिक बेराजगार युवाहरुलाई लक्षित गरी लोकसेवा आयोग, प्रहरी सेवा, नेपाली सेना लगायत विभिन्न सिपमुलक तालिम र तयारी कक्षाहरु संचालन गरिने छ ।

१०) घर निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तीमा पनि २ वटा फलवृक्ष दिने रुख रोपेको हुनुपर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११) खेलकुद विकासका लागि खेलकुदमा आबद्ध संस्थाहरुलाई क्रियासिल गराउन नगर स्तरीय खेलकुद समिति गठन गरी खेलकुदलाई पर्यटन विकास संग आबद्ध गरिनेछ । साथै सोही समितिबाट नगर स्तरीय खेलकुद संचालन गरिनेछ ।

१२) विदेशबाट सीप सिकेर फर्की स्वदेश मै बसी उत्पादनशील कार्यमा लाग्ने युवाहरुलाई सो कार्यमा थप उत्प्रेरित गर्न आवश्यक सहयोग गरिनेछ ।

१३) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलकुद प्रतियोगीतामा उत्कृष्ट खेल खेल्ने नगरका खेलाडीहरुलाई पुरस्कार सहित सम्मान गरिनेछ ।

१४) सहकारी मार्फत कृषि फार्म, नीजि क्षेत्र र गैर सरकारी संस्था समेतलाई कृषि उद्योग संचालनमा प्राथमिकता दिइनेछ ।

१५) सामुदायिक वनको सहकार्यमा समूहगत पशुपालन कार्य अगाडी बढाइने छ ।

१६) नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्र भित्र उधोग स्थापनाका लागि उद्योग मैत्री नीतिहरु अवलम्वन गर्नुका साथै उधोगीहरुलाई उधोग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ ।

१७) **"आर्थिक समृद्धीको पहिलो आधार कृषि"** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणमा विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालनको विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

१८) **सबैमा बाली, रहने छैन जग्गा खाली** भन्ने नीति अनुरुप नगर क्षेत्रभित्र पर्ने जगालाई कृषि, बसोवास, व्यवसायिक, व्यापारिक औद्योगिक, वन र सार्वजनिक उपयोगको क्षेत्रको वर्गीकरणलाई कडाका साथ लागु गरिनेछ ।

१९) कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ ।

२०) कृषि उत्पादनमा बढावा दिन कृषि मेलाको आयोजना गरिनेछ । उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गर्ने कार्यक्रम ल्याईनेछ । सो कार्यक्रम संचालन गर्न विभिन्न निकाय तथा नीजि क्षेत्रलाई आह्वान गरिनेछ ।

२१) वित्तिय क्षेत्रहरुले सामाजिक विकासमा सहभागिता जनाउनको लागि आवश्यक नीति निर्माण गरी कार्यन्वयनमा ल्याउने छ ।

२२) नगर भित्र कृषि सूचना केन्द्र र कृषि पाठशालाको लागि पहल गरिनेछ ।

२३) तरकारी तथा दुग्ध उत्पादनबाट नगरपालिकालाई तरकारी तथा दुग्ध निर्यात क्षेत्रको रुपमा विकास गर्ने नीति लिइने छ ।

२४) कृषि उपजलाई व्यवस्थित गर्न कृषि भण्डारण र शित भण्डार निर्माण गर्नको लागि संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा अगाडी बढाइने छ ।

२५) दुग्ध जन्य सामाग्रीको उत्पादन गरी बजारीकरण गर्नको लागि सम्बन्धित पक्षसँग सहकार्य गर्ने नीति लिइने छ ।

२६) कृषि उत्पादन, प्रसोधन व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणका लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यलाई प्राथमिकता दिइने छ ।

२७) कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

२८) उच्च मूल्य युक्त कृषि जन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण तथा कृषि सम्वन्धी वीमा र साना तथा गरिबीको रेखामुनि रहेका किसानहरूलाई सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन सहकारी तथा अन्य वित्तिय संघ संस्थासँग समन्वय गरिने छ ।

२९) करका दाहेरा फराकिलो बनाउँदा वा तोक्दा विषय विशेषज्ञको साथै सरोकारवाला पक्षसँग समेत छलफल गरी लागु गरिने छ

३०) दुई वा सो भन्दा बढी नगर तथा प्रदेशहरुलाई जोड्ने सडक निर्माणमा आवश्यक पक्षसँग सहकार्य गरी काम अगाडी बढाइने छ ।

३१) नगदेवाली, तरकारी खेती, दुग्ध उत्पादन, फलफूल नर्सरी, पुष्प खेतीलाई व्यवसायिक रुपमा विकास गर्न विशेष प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ। केरा खेतीको केरा जोनको रुपमा लैजाने नीति अवलम्वन गरिने छ।

३२) कृषि बीउविजन, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३३) नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्भारका लागि मर्मत सम्हार कोष स्थापना गरिनेछ।

३४) विगतमा गठन गरिएका नगरीक सचेतना केन्द्र (CAC) लाई आय आर्जन कृयाकलापमा संलग्न गराउन सीप विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

३५) निजगढमा रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरु र संघ, प्रदेशसँग सहकार्य गरी दुग्ध उद्योग स्थापना र संचालनमा सहकार्य गरिनेछ।

३६) निजगढ वडा नं. ९ स्थित खेल मैदान दक्षिण बकैया नदी पूर्वको स्थानलाई औद्योगिक ग्राम क्षेत्रको रुपमा विकास गरिनेछ।

३७) आर्यघाट देखि दक्षिण पूर्व रंगशाला उत्तरको स्थानलाई वसपार्कको रुपमा व्यवस्थित गरिनेछ।

३८) महिला स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ।

३९) वडा वडामा कृषि सहकारी र हरेक टोलमा कृषक समूह निर्माण गरी र कृषि सम्बन्धी स्थानीय संघ संस्थाहरूको समन्वयमा कृषि प्रणालीको वैज्ञानिकीकरण गर्ने कार्यको शुरुवात गरिनेछ।

- बजार क्षेत्रको कृषि हाटबजारलाई सुदृढिकरण गर्दै सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गरिनेछ।
- कृषिका लागि आवश्यक पर्ने मल, बीउ, कृषि औजारलाई सर्वसुलभ बनाईनुका साथै अनुदानको व्यवस्था गरिनेछ। प्राङ्गारिक मलको प्रयोग गरी आर्गानिक उत्पादनलाई विशेष प्रोत्साहन गरिनेछ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरणमा अनुदानको व्यवस्था गरिने छ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ।
- दुग्ध उत्पादनका लागि तथा दुग्ध जन्य सामाग्री उत्पादन गर्ने उद्योगलाई विशेष अनुदानद्धारा प्रोत्साहित गरिने छ।
- पशु नश्ल सुधारका लागि कृतिम गर्भाधानको निःशुल्क व्यवस्थाको लागि कार्यविधि बनाई तत्काल कार्यक्रम संचालन गरिने छ।
- पशु आहाराका लागि घांस खेतिका कार्यक्रम संचालन गरिने छ। पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ। उत्पादित पशुपंछी जन्य उत्पादनको उचित बजारिकरणको प्रवन्ध मिलाइने छ।

- नगर भित्रका पशुपंछी फर्म, माशुपसल, एग्रोभेट, डेरी पसलहरु दर्ता गरी नियमन गरिनेछ ।
- स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडी बढाईने छ ।
- केन्द्र सरकारको नीति अनुरुप कृषि खेती बिमा र पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गरिनेछ ।
- बगरे तरकारी तथा फलफुल खेति गर्न प्रोत्साहन गरिने छ ।

३.५.४ वातावरण तथा विपद व्यवस्थापन :

"स्वच्छ वातावरणः स्वच्छ जीवन"

१) नगर क्षेत्र भित्र रहेको वन क्षेत्रको संरक्षण पार्क निर्माण तथा वन क्षेत्र संग संम्बन्धित आय आर्जनका कृयाकलाप संचालन गर्न पर्सा राष्ट्रिय निकुंन्ज र डिभिजन वन कार्यालय संग आवश्यक समन्वय गरिनेछ ।

२) नदि किनार वगर तथा सार्वजनिक खुल्ला क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रमहरुलाई अधि बढाईनेछ ।

३) **"विपद व्यवस्थापनमा ध्यानः सुरक्षित जीवन"** भन्ने नारालाई नगरले अनुसरण गरी यसै आ.व.मा नगर विपद व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

४) भवन निर्माणमा संलग्न निर्माण कर्मीलाई भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि तालिम प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

५) चुरे क्षेत्रको संरक्षण तथा प्रवर्द्धन कार्यहरुलाई निरन्तरता दिइनेछ ।

६) सौर्य उर्जालाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

७) निजगढ नगरपालिकालाई हरित नगरपालिकाको रुपमा लैजान राजमार्ग एवं अन्य सडकहरुमा दायाँ बायाँ वृक्षा रोपण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८) रासायनिक विषादीको प्रयोगमा कमी ल्याउन प्राङगारिक मल उत्पादन सम्बन्धि तालिम तथा IPM कृषक पाठशाला संचालन गरिनेछ ।

९) फोहर मैलाको दिगो व्यवस्थापनका लागि फोहर मैला विसर्जन केन्द्र व्यवस्थित गरिने छ ।

१०) घरमा उत्पादन भएको फोहोरलाई कुहिनेबाट सम्बन्धित घरवालाले मल बनाउने र नकुहिने फोहोरलाई नगरले व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।

११) वातावरण मैत्री नगर निर्माणको लागि नगर भित्रका सामुदायिक वनसँगको सहकार्यमा प्राकृतिक वन व्यवस्थापन र हरित नगर कार्यक्रम संचालन गरिने छ ।

१२) बाढीग्रस्त निजगढ, सिगौंल र रतनपुरी क्षेत्रमा तटबन्ध निर्माणको कार्य अन्य सरोकारवाला निकाय समेतको संलग्नतामा गरिनेछ ।

१३) नगरको फोहर मैला व्यवस्थापनमा नीजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप शुल्कमा आधारित फोहरमैला संकल्न गरिने व्यवस्था मिलाईनेछ ।

१४) नगरपालिकामा अग्नी नियन्त्रणको लागि दमकलको व्यवस्था गरिने छ ।

१५) ध्वनी प्रदुसनबाट उत्पन्न भई रोगीहरुलाई असुरक्षित हुने भएकोले डिजे सिस्टमका ध्वनीलाई नियन्त्रण गर्न सो को कार्यविधि बनाई कडाईका साथ लागु गरिने छ ।

१६) प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिनेछ ।

१७) विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ ।

१८) नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद् पिडितलाई तत्काल राहत तथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनसक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।

१९) भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।

२०) बिपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।

२१) साविक नापी बमोजिम नीजि जग्गाहरुमा नक्शा बमोजिम भोग नमिलेको, क्षेत्रफल घटिबढी भएकोले सम्बन्धित निकायहरुमा समन्वय गरी पुन नाप नक्शा गर्ने नीति लिइनेछ ।

२२) नदी किनारा क्षेत्रहरुमा सामुदायिक वनको सहकार्यमा वाँस लगायतका बोट विरुवाहरु लगाउने नीति अवलम्वन गरिनेछ ।

२३) निजगढ नगर क्षेत्र भित्रका सरकारी र अन्य संघ संस्थाहरुका भवन निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति अवलम्वन गरिनेछ ।

२४) निजगढ नगरपालिकालाई प्लाष्टिक मुक्त नगर बनाउन पहल गरिनेछ ।

३.५.५ सार्वजनिक सेवा तथा क्षमता विकास

१) संस्थागत विकास तथा सेवा प्रवाह

- नगरपालिकाले भ्रष्टचारमा शुन्य शहनशिलताको नीति अवलम्वन गर्नेछ ।
- सार्वजनिक प्रशासनलाई विकासमैत्री बनाउँदै लगिने र विगतका राम्रा प्रयासलाई निरन्तरता दिइनेछ । अनावश्यक खर्चमा कटौती गरी मितव्ययिता कायम गरिनेछ ।
- प्रत्येक नगर सभा हुनु पूर्व चालु आ.व.को प्रगतिको यथार्थ समिक्षा गरिने छ । नीति तथा कार्यक्रममा समावेश अनुसारको बजेट र कार्यान्वयन पक्षमा विशेष जोड दिईने छ ।
- नगर स्तरीय कला साहित्य परिषद् गठन गरिने छ ।
- नगर स्तरीय उपभोक्ता हित संरक्षण मञ्च गठन गरिने छ ।
- **निजगढ नगरपालिकाको प्रतिवद्धता मुस्कान सहितको सेवा,** भन्ने मूल नारालाई नगरका सवै वडा कार्यालयहरुमा थप प्रभावकारी बनाउँदै नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउदै लगिने छ । जसका लागि जनप्रतिनिधि तथा नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।

- कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गर्ने नीति अबलम्बन गरीने छ । प्रचलित कानुन बमोजिम कार्य सम्पादनमा आधारीत कर्मचारी मूल्यांकन पद्दतीलाई अपनाइने छ ।
- करार सेवाद्धारा व्यवस्थापन गरीएका जनशक्तिले मूलभूत रुपमा अग्रपक्तिमा बसी कार्य गरीरहेको हुदाँ अर्को व्यवस्था नभए सम्मकालागि मौजुदा करार सेवा रहेका जनशक्तिलाई निरन्तरता दिइनेछ ।
- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणली लागु गरिनेछ । नगरपालिकाको आफ्नै वेभसाइटमार्फत् नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- **"जनता संग जनताको सरकार, छिटो छरितो र सर्वसुलभ सेवाप्राप्त गर्ने नागरिकको अधिकार"** अवधारण अनुसार हरेक महिना प्रमुख र उप प्रमुखबाट कम्तिमा एक वडा कार्यालयको अनुगमन गरिनेछ । नगर प्रमुख र उपप्रमुखबाट स्थलगत रुपमा जनप्रतिनिधी-नगरबासी भेटघाट कार्यक्रम गरी गुनासो सुन्ने कार्यलाई निरन्तरता दिइने छ ।
- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ ।
- नगर स्तरीय सेवा प्रवाह बारे नियमानुसार सार्वजानिक सुनुवाई गरिनेछ ।
- कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता क्षमता र विज्ञताका आधारमा जिम्मेवारी उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान भन्ने सिद्धान्त परिपालन गरिने छ ।
- कर्मचारी र जनप्रतिनिधिले अवलम्वन गर्ने आचारसंहिता पालना गरिनेछ ।
- सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- कार्य सम्पादनका आधारमा दण्डित र पुरष्कारको व्यवस्था गरिनेछ । प्रत्येक वर्ष कार्यालयको एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिनेछ र निजको विवरण सहितको फोटो कार्यालयमा राख्ने कार्यको थालनी गरिनेछ ।
- जनताले माग गर्ने कानुन बमोजिमका जुन सुकै सूचना उपलब्ध गराउनका लागि संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिनेछ ।
- विकास निर्माण र सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगर भित्र खोज तथा विकास पत्रकारिता गर्ने पत्रकारलाई वार्षिक रुपमा पुरस्कृत गरिने नीति अवलम्वन गरिने छ ।
- नगरपालिकाको आफ्नै प्रयत्नमा विश्वका बिभिन्न नगरहरुसँग भगिनी Sister City Relation सम्बन्ध विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरस्तरिय अनुगमन समितिबाट नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गर्दै अगाडी बढ्ने छ ।
- टोल विकास संस्था, उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता, अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- नगरपालिकामा प्रधानमन्त्री राजेगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।
- निजगढ नगरपालिकामा बढीमा २ महिला र ३ जना पुरुष नगर प्रहरी राख्ने नीति लागु गरिने छ ।

२) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन

- खर्च प्रणालीलाई परिणाममूखी तुल्याउदै उपलब्ध वित्तिय साधनको न्यायोचित बाँडफाँड गरिने छ ।
- योजना व्यवस्थापन क्षमतामा सुधार गरी पूर्वाधार विकासलाई तिव्रता दिइनेछ ।
- नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादन संघ, प्रदेश र नगरपालिकाको मौजुदा कानुनको परिधी भित्र रहेर सम्पादन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थित गरिनेछ ।
- नगरपालिका क्षेत्र स्थित सरकारी सम्पत्तिको संरक्षण, सम्बर्द्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ ।
- नगरपालिकालाई साधन सम्पन्न बनाउन प्रत्येक वर्ष सवारी साधनहरुको क्रमश आवश्यकता अनुसार खरिद गर्ने नीति लिइनेछ ।
- सार्वजनिक खरीद ऐन नियमावली विपरित नहुने गरी खरीद प्रक्रिया अपनाउँदा जनप्रतिनिधीहरु समेत रहने गरी कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

३) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा नियमित अनुगमन गरिनेछ ।
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र सो को व्यवस्थित कार्यान्वयन र नियमन गरिनेछ । कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण नियमितअनुगमन गरीनेछ ।
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिने छ ।
- खानेपानी, खाद्य पदार्थको गुणस्तर नियन्त्रण, स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गरिनेछ ।

४) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

- असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- कानुन विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याइनेछ ।
- नगरपालिकामा विवाद समाधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन गरिने छ ।
- शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पुर्वाधार निमार्णमा आवश्यक सहयोग गरिने छ ।
- न्यायिक समितिको सचिवालय, व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनुको साथै आवश्यक जनशक्तिको व्यवस्था मिलाइने छ ।
- न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यावहारिक रुपमा कार्यान्वयनको शुरुवात गरिनेछ ।
- वर्ष भरीका योजना कार्यन्वयन गर्न कार्य योजना बनाई समयमा कार्य सम्पन्न गर्ने ।
- निजगढ नगरपालिकाको आबधिक योजना तयार गरी लागु गरिने छ ।
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन को भौतिक संरचना निर्माण संस्थागत क्षमता विकास र सांगठनिक संरचना निर्माणको कार्यको थालनी गरिनेछ ।

३.५.६ वित्तिय क्षेत्रहरु (राजश्व परिचालन)

१) एकिकृत सम्पत्ति करलाई आन्तरिक आम्दानीको मुख्य श्रोतको रुपमा पहिचान गरी **यसै आ.व**. देखी सो कर प्रभावकारी रुपमा असुल गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२) नयां कर तथा राजस्वका क्षेत्रहरु पहिचान गरी करको दायरा फराकिलो पारिनेछ । यसका लागि यसै आ.ब. भित्र सम्बन्धित बिज्ञ बाट राजस्वको सम्भाब्यता अध्ययन गराईने छ ।

- कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ । सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइने छ ।
- करदाताको अभिलेख अद्यावधिक गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क संग आवद्ध गरीनेछ ।
- तोकिएको समयमै बढी कर वुझाउने **करदातालाई सम्मान गरिने छ ।**
- करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ ।
- घर बहाल कर नियमित रुपमा बुझाउन प्रोत्साहन गरिने छ र नियमित रुपमा अनुगमन गरिने छ । यो कर टोल विकास संस्था मार्फत असुल गरी निश्चत रकम टोल विकास संस्था तथा विभिन्न संघ संस्थाबाट सार्वजनिक निर्माण कार्यमा खर्च गर्न सक्ने व्यवस्था अवलम्वन गरिने छ ।

३.५.७ विविधः

- विषयगत शाखाहरुले प्रत्येक कार्यक्रमको कार्य योजना बनाउने र उक्त योजना बमोजिम कार्यान्वयन गराइने छ ।
- नगरपालिकाले अन्य संघ संस्था र निजी क्षेत्रसँग साझेदारीमा काम गर्दा प्रस्ताव सहित नगरपालिकामा छलफल गरी निर्णय भए बमोजिम गर्ने नीति अवलम्वन गरिनेछ ।
- यो नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, नगरको पूर्वाधार निर्माण, उद्यमशिलता, कृषि, कृषि जन्य उत्पादन र रोजगारी सिर्जना, गरिवी न्यूनिकरण, सामाजिक विकासलाई प्राथमिकतामा दिइने छ ।
- पर्याप्त जनशक्तिको अभाव धेरै कानून निर्माणकै चरणमा रहनु, भौतिक पूर्वाधारमै अधिकांश समय र श्रोत खर्चनु पर्नाको बाबजुद पनि नगरपालिकाको प्रयासहरु उत्साहपद छन् । सिमित श्रोत साधनले नगरका असिमित आवश्यकता पुरा गर्न नगरपालिका प्रयासरत रहने छ ।
- यस नीति तथा कार्यक्र सफल कार्यान्वयन गर्न गराउन सम्पूर्ण नगरसभा सदस्यहरु ज्यूहरु, राजनीतिक दल, कर्मचारीहरु, बुद्धिजिवी, आम सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।